लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

प्रदेश नं. २, नेपाल

# बजार ठेक्कासँग सम्वन्धित सूचना ।

(दोश्रो पटक प्रकाशित मिति :२०७८/०५/१५ गते)

लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरू लालबन्दी नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व.२०७८/०७९ का लागि ठेक्का बन्दोवस्त मार्फत संकलन गर्न ईच्छुक व्यक्ति वा फर्महरुबाट दरभाउपत्र पेश गर्न प्रथम पटक सूचना प्रकाशित गरिएकोमा निर्धारित समय भित्र कुनै पनि दरभाउपत्र यस कार्यालयमा दर्ता हुन नआएकोले पुनः यो सूचना प्रकासित गरिएको छ। ईच्छुक व्यक्ति वा फर्महरुबाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा दरभाउपत्र फाराम यस कार्यालयवाट सूचना प्रकासित भएको मितिले १५(पन्ध्र)औं दिन भित्र खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी दरभाउपत्रहरू १६(सोह्र)औं दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठे.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ४ | टमाटर, तरकारी तथा फलफुल बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर वजार | ८,५५,०००।०० | १०००।- | |
| आ.आ. ५ | राँगा, मासु तथा सुंगुर वजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर वजार | १,२०,०००।०० | १०००।- | |

<u>शर्तहरू</u>

१. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७९ आषाढ मसान्त सम्म हुनेछ।

२. आफुले कवोल गरेको अंकको नेपाली नागरिक/फर्म भए ५% र विदेशी नागरिक/फर्म भए १०% धरौटी यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखा स्थित **धरौटी खाता नं. १२८०१००३०३००००२ मा** जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ। धरौटी बापतको रकम यस कार्यालय तथा वडा कार्यालयहरुबाट नगद बुझिने छैन।

३. दरभाउपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ। आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क दरभाउपत्र दाता स्वयंले ब्यहोर्नुपर्ने छ ।

५. स्वीकृत दरभाउपत्रदाताले आफुले कवोल गरेको कुल रकम दरभाउपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी एकमुष्ट यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा रकम बुझाउनुपर्नेछ। सो को आधारमा सम्झौता गरिनेछ। उक्त एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरू तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरि बाँकी रकम भुक्तानी गरिनेछ।

७. जुन व्यक्ति वा फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र दरभाउपत्र दर्ता गर्न सकिनेछ। अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको दरभाउपत्रलाई मान्यता दिईने छैन। साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको दरभाउपत्र स्वीकार्य हुने छैन। शिलबन्दी खाममा कुन ठेक्काको लागि दरभाउपत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ। साथै दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट रूपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ।

८. माथि उल्लेख भएको ठेक्काहरू मध्ये सवै वा छुट्टा छुट्टै रुपमा दरभाउपत्र पेश गर्न सकिनेछ। उक्त बमोजिम पर्न आएको दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गरी १६औं दिनको मध्यान्ह १२:०० वजे भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालय र १ र २ नं. वडा कार्यालय, नेत्रगंजमा दर्ता गराउन सकिनेछ र सोही दिनको ०२:००वजे लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा दरभाउपत्र खोल्ने कार्य हुनेछ। दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। एक पटक दर्ता भै सकेको दरभाउपत्र फिर्ता हुने छैन।

१०. दरभाउपत्र सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ। अन्य कुराहरू प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**